कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७७/०७८

मिति: २०७७।११।२०

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालय, वन विज्ञान संकाय अर्न्तगत शैक्षिक सत्र २०७६।०७७ मा संचालित B.Sc. Forestry, हेटौडा र उक्त संकाय अर्न्तगतका आंगिक र सम्बन्धन प्राप्त कलेजहरु र M.Sc. Forestry मा भर्ना भई प्रथम सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरुले नियमित परीक्षा र B.Sc. Forestry को विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई उक्त सेमेष्टरको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरको आंशिक परीक्षा र शैक्षिक सत्र २०७४।०७५, शैक्षिक सत्र २०७३।०७४ र शैक्षिक सत्र २०७२।०७३ मा संचालित B.Sc. Forestry को क्रमश: तेस्रो सेमेष्टर, पाचौं सेमेष्टर र सातौं सेमेष्टरका मौका परीक्षामा सम्मिलित हुन २०७७ साल फागुन २३ गते देखि चैत्र ०६ गते सम्म नियमित शुल्क र चैत्र ०८ गते देखि चैत्र १० गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय/कलेजमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन फाराम सम्बन्धित संकाय/कलेजवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ।

**शर्तहरु :**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ। आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ।

२. B.Sc. Forestry को हकमा नियमित परीक्षा, आंशिक परीक्षा र मौका परीक्षामा सम्मिलित हुनको लागि परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- र M.Sc. Forestry को हकमा परीक्षा शुल्क रु. १०००।- र परीक्षा आवेदन शुल्क रु. १००।- का दरले बुझाउनु पर्नेछ। सम्बन्धन प्राप्त (Private) कलेजको हकमा परीक्षा शुल्क रु. २०००।- का दरले बुझाउनु पर्नेछ। तोकिएको अवधिमा फाराम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ।

| | |
|---|---|
| २०७७ साल चैत्र ०८ गते | रु. ३००।- |
| २०७७ साल चैत्र ०९ गते | रु. ५००।- |
| २०७६ साल चैत्र १० गते | रु. ११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ।

४. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन्। परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फाराममा सम्बन्धित संकाय/कलेजले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय/कलेजबाट उपलब्ध हुनेछ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिने छ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ।

प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक

परीक्षा नियन्त्रक